सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर

प्रेस विज्ञप्ति

विषयः अभियोग पत्र दायर गरिएको बारे।

मितिः २०८०/४/१६

"SET-ANARMANI-079/080" समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अस्सरा भन्ने एलिना खत्री समेत भएको मानव बेचबिखन तथा ओसारपसार मुद्धाका प्रतिवादीहरु अस्सरा भन्ने एलिना खत्री, अजित साह र मिलन भन्ने मान बहादुर तामाङ्गको हकमा सम्पत्ति शुद्धीकरणको कसुरमा कारवाही हुन भन्ने समेतका व्यहोराको इलाका प्रहरी कार्यालय अनारमनी विर्तामोड झापाको च.नं. ४९९७ मिति २०७९/०९/१६ गतेको पत्रबाट प्राप्त सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिबादीहरु अप्सरा भन्ने एलिना खत्री र अजित साहले मानव वेचविखन गरी सम्पत्ति आर्जन गरी शुद्धीकरण गर्न समान भुमिका र कार्य गरी आर्जन गरेको सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने दुषित मनसायले बैंक खातामा मुद्दति निक्षेप राख्ने एवं घरजग्गा खरिद गर्ने समेतका कार्य गरी सम्पत्ति शुद्धीकरण निवारण ऐन.२०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) (ख) (ग) ले निषेधित कार्य गरी गराई ऐ. उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टी हुन आएकोले प्रतिबादीहरु अप्सरा भन्ने एलिना खत्री र अजित साहलाई उपरोक्त अनुसारको बैंकमा मौज्दात रकम रु.१८,०५,३२६।६१ (अक्षरुपी अठार लाख पाँच हजार तिन सय छब्बिस रुपैंया एकसष्ठी पैसा) र अप्सरा भन्ने एलिना खत्रीको नाउँमा जिल्ला पर्वत माझफाँटा वडा नं.६ स्थित कित्ता नं १०८१ क्षेत्रफल ०-२-०-२ को जग्गा खरिद गर्दाको बिगो रु.६,५०,०००।-(अक्षरुपी छ लाख पचास हजार) पिडितहरु लाई भा.रु.२,००,०००।-(अक्षरुपी दुई लाख) मा खरिद गरेको रकम ने.रु.३,२०,०००।-(अक्षरुपी तिन लाख बीस हजार) प्रतिबादी अप्सरा भन्ने एलिना खत्रीबाट बरामद भएको रु.५०,०००।-,(अक्षरुपी पचास हजार), प्रतिबादी अप्सरा भन्ने एलिना खत्रीले प्रतिबादी मान बहादुर तामाङ्गलाई नगद तथा IME बाट दिएको रु.१२,०००।-(अक्षरुपी बाह्र हजार) र गाडि भाडा बापत दिएको रु.२०,०००।-(अक्षरुपी बीस हजार) गरी जम्मा विगो रु.२८,५७,३२६।६१ (अक्षरुपी अठ्ठाईस लाख सन्ताउन्न हजार तिन सय छब्बिस रुपैयाँ एकसष्ठी पैसा) कायम गरी सम्पत्ति शुद्धीकरण निवारण ऐन,२०६४ को दफा ३० को उपदफा (१) वमोजिम सजाय हुन र प्रतिबादी अप्सरा भन्ने एलिना खत्रीको नाममा महालक्ष्मी विकास बैंक लि., समेतका बैँकमा रहेको समेतका खाताको मौज्दात रकम रु.१८,०५,३२६।६१ र सोही आपराधिक कार्यबाट आर्जन गरी खरिद गरेको निज अप्सरा भन्ने एलिना खत्रीको नाउँमा रहेको कित्ता नं १०८१ को जग्गा समेत सोही ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (क) वमोजिम जफत गरी पाउन र **प्रतिबादी मिलन भन्ने मान बहादुर तामाङले** जम्मा रु.३,५२,०००।- (अक्षरुपी तिन लाख बाउन्न हजार) लाभ प्राप्त गरी गैरकानूनी कार्यबाट सम्पत्ति आर्जन गरि उक्त गैरुकानूनी सम्पतिको श्रोतको रकमलाई लुकाउने, रुपान्तरण गर्ने तथा निसर्ग गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) र (ग)ले निषेधित कार्य गरी गराई गरी ऐ. दफा ३ को उपदफा (३) को कसुर गरेको देखिदा निज उपर रु.३,५२,०००।-(तीन लाख बाउन्न हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३० (१) वमोजिम सजाय हुन मागदावी सहित आज मिति २०८०/४/१६ गतेका दिन सम्मानित विशेष अदालत काठमाडौँ समक्ष अभियोग पत्र दायर गरिएको छ।

सुचना अधिकारी